परोहा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या:-२०८२/०८३ (प्रशासन,योजना तथा अनुगमन शाखा)

लौकाहा,रौतहट मिति:२०८२/०६/०२

मधेश प्रदेश,नेपाल

फोन:९८५५०४४०२३,Website: www.parohamun.gov.np,ईमेल:-info@parohamun.gov.np

विषय – कार्यपालिका बैठकको निर्णय सार्वजनिक गरिएको बारे।

श्री यो जो जस सँग सम्बन्ध राख्दछ।

प्रस्तुत विषयमा मिति २०८२ असोज २ गते बिहान ८:३० बजे बसेको कार्यपालिकाको बैठकको निर्णय सबैको जानकारीका लागी सार्वजनिक गरिएको व्यहोरा अनुरोध छ।

तपसिल

| सि.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १ | प्रशासन शाखा | प्रमुख प्रशासकीय अधिकृतको सरुवा रोक्काका लागी मन्त्रालयलाई सिफारिस सहित अनुरोध गर्ने सम्बन्धमा | यस नगरपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत स्थायी ठेगाना जिल्ला सर्लाही मलंगवा नगरपालिका वार्ड नं.५ भएता पनि अस्थायी रुपमा यसै रौतहट जिल्लाको सदरमुकाम गौरमा बसोबास गर्दै विगत ४ बर्ष देखी उच्च मनोवलका साथ निर्विवाद रुपमा कामकाज गर्दै आउनु भएका प्रमुख प्रशाकीय अधिकृत श्री मो.महफुज अहमदको सामान्य प्रशासन मन्त्रालयबाट पर्सा जिल्लामा सरुवा गरिएकोमा निजको अवकाश मिति २०८२/११/०४ गते रहेको हुँदा अवकाशको अन्तिम क्षणमा सरुवा हुनु एक कुशाल र कर्मठ कर्मचारीलाई दण्डित गरे सरह हुनुका साथै निजामति सेवा ऐनको व्यवस्था बमोजिम पनि नदेखिएको तथा निजको कार्यको यस न.पा.मा उच्च मूल्याङ्कन रहेकोले यस न.पा.लाई बाँकी अवधि सेवा गर्ने मौका दिन निजको सरुवा रोक्का गरी दिनका लागी सामान्य प्रशासन मन्त्रालयलाई सिफारिस सहित अनुरोध गर्ने निर्णय भएको। |

जवाहरलाल राय यादव ( प्रवक्ता )

परोहा न.पा.लौकाहा, रौतहट

CamScanner

परोहा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या:-२०८२/०८३ (प्रशासन,योजना तथा अनुगमन शाखा)

लौकाहा,रौतहट मिति:२०८२/०५/१२

मधेश प्रदेश,नेपाल

फोन:९८५५०४४०२३,Website: www.parohamun.gov.np,ईमेल:-info@parohamun.gov.np

परोहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लौकाहा,रौतहट मधेश प्रदेश नेपाल

विषय – कार्यपालिका बैठकको निर्णय सार्वजनिक गरिएको वारे।

श्री यो जो जस सँग सम्बन्ध राख्दछ।

प्रस्तुत विषयमा मिति २०८२ भाद्र १२ गते बिहान ८:३० बजे बसेको कार्यपालिकाको बैठकको निर्णय सबैको जानकारीका लागी सार्वजनिक गरिएको व्यहोरा अनुरोध छ।

तपसिल

| सि.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १ | योजना शाखा | गत आ.व.को बक्यौता भुक्तानी सम्वन्धमा | गत आ.व.२०८१/०८२ मा काम सम्पन्न भएका तर बजेट अभावका कारण भुक्तानी हुन बाँकी रहन गएका योजना,कार्यक्रम तथा खरिद समाग्रीहरुको भुक्तानी रकम यस चालु आ.व.२०८२/०८३ मा बक्यौता भुक्तानीका लागी विनियोजित शीर्षकबाट दिने निर्णय भएको। |

जवाहरलाल राय यादव ( प्रवक्ता )

परोहा न.पा.लौकाहा, रौतहट

CamScanner

परोहा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पत्र संख्या:-२०८२/०८३ (प्रशासन,योजना तथा अनुगमन शाखा)
लौकाहा,रौतहट
मधेश प्रदेश,नेपाल
फोन:९८५५०४४०२३,Website: www.parohamun.gov.np,ईमेल:-info@parohamun.gov.np

मिति:२०८२/०५/०५

परोहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लौकाहा, रौतहट, मधेश प्रदेश नेपाल

## विषय – कार्यपालिका बैठकको निर्णय सार्वजनिक गरिएको वारे।

श्री यो जो जस सँग सम्बन्ध राख्दछ।

प्रस्तुत विषयमा मिति २०८२ भाद्र ५ गते बिहान ८:३० बजे बसेको कार्यपालिकाको बैठकको निर्णय सबैको जानकारीका लागी सार्वजनिक गरिएको व्यहोरा अनुरोध छ।

तपसिल

| सि.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १ | प्रशासन शाखा | जग्गा वर्गीकरण संशोधन सम्वन्धमा | जिल्ला रौतहट परोहा न.पा.वार्ड नं.९ मा बस्ने शेख समसुल हकको छोरा शेख ओकैशको नाउँमा दर्ता कायम रहेको जि.रौ.रामपुरखाप वडा नं. १ किता नं.१८८ को क्षेत्रफल ०-६-२ जग्गा सडकको ३० मिटर भित्र रहेको र वर्गीकरण गर्दा भुलगल्तीले अवासीय हुनु पर्नेमा कृषि क्षेत्र उल्लेख हुन गएकोले संशोधन गरी पाउँ भनी यस न.पा.मा निवेदन दिनु भएकोले सो सम्बन्धमा वडा कार्यालयको च.नं.१६२ मिति २०८२/०५/०४ गतेको सिफारिस तथा परोहा न.पा.को भू-उपयोग कार्यविधि २०८० को दफा १५ को उपदफा ३ बमोजिम सो जग्गालाई कृषिबाट अवासीय क्षेत्रमा संशोधन गर्ने निर्णय गरिनुका साथै सो को जानकारी सम्बन्धित कार्यालय वा निकायलाई गराउने निर्णय भएको। |
| २ | प्रधानमन्त्री रोजगार कार्यक्रम (रोजगार सेवा केन्द्र परोहा) | रोजगार सेवा केन्द्रको वार्षिक प्रतिवेदन सम्वन्धमा। | आ.व. २०८१/८२ मा रोजगार सेवा केन्द्र मार्फत प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (आई.डि.ए.) तर्फ सञ्चालित आयोजनाहरु तथा रोजगार सेवा केन्द्रबाट सम्पादन भए गरेका सम्पूर्ण क्रियाकलाप एवम् गतिविधिहरुलाई समेटेर तयार गरिएको रोजगार सेवा केन्द्रको वार्षिक प्रतिवेदन २०८२ लाई स्वीकृत गर्ने निर्णय भएको। |

जवाहरलाल राय यादव ( प्रवक्ता )
परोहा न.पा.लौकाहा, रौतहट

CS CamScanner

परोहा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पत्र संख्या:-२०८२/०८३ (प्रशासन,योजना तथा अनुगमन शाखा)
लौकाहा,रौतहट मिति:२०८२/०४/२५
मधेश प्रदेश,नेपाल
फोन:९८५५०४४०२३,Website: www.parohamun.gov.np,ईमेल:-info@parohamun.gov.np



विषय – कार्यपालिका बैठकको निर्णय सार्वजनिक गरिएको वारे।

श्री यो जो जस सँग सम्बन्ध राख्दछ।

प्रस्तुत विषयमा मिति २०८२ श्रावण २५ गते बिहान ८:३० बजे बसेको कार्यपालिकाको बैठकको निर्णय सबैको जानकारीका लागी सार्वजनिक गरिएको व्यहोरा अनुरोध छ।

तपसिल

| सि.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १ | स्वास्थ्य शाखा | आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण सम्वन्धमा | परोहा न.पा.वार्ड नं.२ र ४ मा हाल सम्म कुनै प्रकारको स्वास्थ्य भवन नरहेको हुँदा परोहा न.पा.वडा नं.२ जिंगडवा बेलबिछवा वडा नं.४ किता नं.१२७१ को ०-२-१८ जग्गामा र वडा नं.४ को लौकाहा २क किता नं.१७७ को ०-१-१८ जग्गामा आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण गर्ने निर्णय भएको। |
| २ | जिन्सी शाखा | ट्रान्सफरमर खरिद सम्वन्धमा। | यस परोहा नगरपालिकाको वार्ड नं.६ स्थित बसन्तपट्टीमा रहेको ५० के.भि.ए.को ट्रान्सफरमर नेपाल इकारात ईन्जिनियरिङ्ग कम्पनीबाट मिति २०७७/१२/१९ गतेमा खरिद भै स्टोरमा राखिएकोमा हाल आएर सो ट्रान्सफरमर प्रयोग गर्दा दुई फेज मात्र काम गरेको र एउटा फेज काम गर्न नसकेकोले सो ट्रान्सफरमर नेपाल इकारात ईन्जिनियरिङ्ग कम्पनी लिमिटेडमा मर्मतको लागी पठाइएकोमा मर्मत खर्च धेरै लाग्ने भएकोले सो ट्रान्सफरमरको sales Return Valuation बमोजिमको रकम रु.१३४४७०/- कट्टा गरी ५० के. भि.ए. को नयाँ ट्रान्सफरमर नेपाल इकारात ईन्जिनियरिङ्ग कम्पनी लिमिटेडबाट खरिद कार्यका लागी कोटेशन सहित ट्रान्सफरमर यस कार्यालयलाई उपलब्ध गराई दिन लेखी पठाउने निर्णय भएको। |

जवाहरलाल राय यादव ( प्रवक्ता )
परोहा न.पा.लौकाहा, रौतहट

CamScanner

परोहा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या:-२०८२/०८३ (प्रशासन,योजना तथा अनुगमन शाखा)

लौकाहा,रौतहट मिति:२०८२/०४/१२

मधेश प्रदेश,नेपाल

फोन:९८५५०४४०२३,Website: www.parohamun.gov.np,ईमेल:-info@parohamun.gov.np

परोहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लौकाहा, रौतहट मधेश प्रदेश नेपाल

विषय – कार्यपालिका बैठकको निर्णय सार्वजनिक गरिएको वारे।

श्री यो जो जस सँग सम्बन्ध राख्दछ।

प्रस्तुत विषयमा मिति २०८२ श्रावण १२ गते बिहान ८३० बजे बसेको कार्यपालिकाको बैठकको निर्णय सबैको जानकारीका लागी सार्वजनिक गरिएको व्यहोरा अनुरोध छ।

तपसिल

| सि.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १ | प्रशासन शाखा | सेवा प्रवाह सम्वन्धमा | परोहा न.पा.र मातहतका निकायहरुबाट सेवा प्रवाह हुँदै आएकोमा सो सेवालाई समयानुकुल प्रविधिसँग जोड्दै चुस्त दुरुस्त र प्रभावकारी बनाउन तथा सेवाग्राहीले लिदै आएका सेवामा अझ थप सुधार गरी सजिलै सेवा प्राप्त गर्ने गरी सेवा प्रवाह प्रक्रियालाई अझ सहज र सरल बनाउने निर्णय भएको। |
| २ | आपतकालिन कार्य संचालन केन्द्र परोहा शाखा | आपतकालिन कार्य केन्द्र संचालन सम्वन्धमा। | लौकाहा कृषि उपज संकलन केन्द्र भवनको ग्राउण्ड फलोरको कोठा आपतकालिन कार्य संचालन केन्द्र तोक्ने निर्णय भएको |

जवाहरलाल राय यादव ( प्रवक्ता )
परोहा न.पा.लौकाहा, रौतहट

CamScanner

परोहा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः-२०८२/०८३ (प्रशासन,योजना तथा अनुगमन शाखा)

लौकाहा,रौतहट

मितिः २०८२/०४/०२

मधेश प्रदेश,नेपाल

फोनः९८५५०४४०२३,Website: www.parohamun.gov.np,ईमेलः-info@parohamun.gov.np

परोहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लौकाहा, रौतहट

विषय – कार्यपालिका बैठकको निर्णय सार्वजनिक गरिएको वारे।

श्री यो जो जस सँग सम्बन्ध राख्दछ।

प्रस्तुत विषयमा मिति २०८२ श्रावण २ गते बिहान ८३० बजे बसेको कार्यपालिकाको बैठकको निर्णय सबैको जानकारीका लागी सार्वजनिक गरिएको व्यहोरा अनुरोध छ।

तपसिल

| सि.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १ | प्रशासन शाखा | कार्य सम्दादन सम्झौता सम्बन्धमा। | चालु आ.व.२०८२/०८३ को आठौ नगर सभाले ल्याएको नीति तथा कार्यक्रम एवं वजेट समयमै कार्यान्वयन गरी यस नगरपालिकाको निर्धारित लक्ष्य हासिल गर्न नगर प्रमुख ज्यूले प्रमुख प्रशासकीय अधिकृत सँग कार्यसम्पादन सम्झौता गर्ने र प्रमुख प्रशासकीय अधिकृतले मातहतका विभिन्न बिषयगत शाखा उपशाखा वा ईकाई प्रमुखहरुसँग कार्यसम्पादन सम्झौता गर्ने निर्णय भएको। |

जवाहरलाल राय यादव ( प्रवक्ता)

परोहा न.पा.लौकाहा, रौतहट

CamScanner